लिखु पिके गाउँपालिका

स्थानीय राजपत्र

मिति:२०८०/१०/२४

लिखु पिके गाउँपालिका

लिखु पिके गाउँपालिकाका भवन तथा योजना मापदण्ड २०८०, लिखु पिके गाउँपालिका

१. परिचय

भौतिक तथा वातावरणीय विकास योजना अनुरुप लिखु पिके गाउँपालिकाको भौतिक तथा वातावरणीय विकास योजना सम्बन्धी योजना तथा कार्यक्रमहरू कार्यान्वयन गरी वा गर्न लगाई दीर्घकालमा गाउँवासीहरूको जीवनस्तर उकास्न सहयोग पुर्याउनको लागि यो भवन तथा योजना मापदण्ड तयार गरिएको छ ।

१.१. मापदण्डको नाम

यो मापदण्डको नाम "भवन तथा योजना मापदण्ड २०८०, लिखु पिके गाउँपालिका" रहेको छ ।

१.२. मापदण्डको ग्रहण

यो मापदण्ड मिति २०८०-१०-२६ गते सार्वजनिक गरी सर्वसाधारणको सल्लाह सुझाव लिएर लिखु पिके गाउँपालिका वोर्डबाट स्विकृत भए देखि लागु हुनेछ।

१.३. मापदण्डको अधिकार क्षेत्र

यो मापदण्डको अधिकार क्षेत्र लिखु पिके गाउँपालिकाको भौगोलिक सीमाना भित्र रहेको छ

१.४. मापदण्डको संशोधन

यस मापदण्डमा संशोधन गर्न आवश्यक भएमा संशोधनका अंशहरू लिखु पिके गाउँपालिका वोर्ड/परिषदमा छलफल भई सो बोर्ड/परिषदको बहुमतद्वारा संशोधन गर्न सकिने छ

१.५. मापदण्ड सम्बन्धी प्रावधान

कुनै पनि निजी, अर्ध सरकारी वा सरकारी स्वामित्वको घडेरी/ जग्गामा वा सार्वजनिक जग्गामा कुनै प्रकारको भू-उपयोग वा क्रियाकलाप प्रस्तावना गर्न वा परिवर्तन गर्न जग्गा/घडेरी टुक्रा गर्न, भौतिक विकास गर्न, निर्माण कार्य गर्न परेमा सम्बन्धित निवेदकले गाउँपालिकामा तोकिएको ढाँचामा रितपूर्वकको निवेदन दर्ता गरी स्वीकृति लिनु पर्नेछ। यस मापदण्डमा निम्न लिखित प्रावधानहरु निम्न प्रयोजनको लागि व्यवस्थित गरिएको छ :

(क) भवन सम्बन्धी मापदण्ड जग्गामा निर्माण हुने भवनको रुपरेखा नियन्त्रण गर्नको लागि ।
(ख) योजना सम्बन्धी मापदण्ड जग्गा एवं भवनको उपभोग वा भई रहेको उपभोगमा परिवर्तन गर्न वा विकास गर्नका लागि निर्देशन गर्न ।
(ग) विशेष मापदण्ड गाउँपालिकाको नीति अनुरुप तोकिएको क्षेत्रमा अतिरिक्त नियन्त्रणको लागि
(घ) निर्माण सम्बन्धी मापदण्ड सुरक्षित भवनको निर्माणको लागि ।
(ङ) उपविभाजन सम्बन्धी मापदण्ड : घडेरीको विभाजनको नियन्त्रणको लागि ।

हालको मापदण्ड भवन सम्बन्धी, योजना सम्बन्धी र केही हदसम्म उपविभाजन सम्बन्धी मापदण्डहरू समावेश गरिएको छ ।

१.६. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा प्रयोग भएका निम्नानुसार शब्दहरूको अर्थ निम्नानुरको हुनेछ ।

(क) 'आवत-जावतको निमित्त प्रवेशको माध्यम' भन्नाले कुनै पनि घडेरी वा भवनमा आवत- जावत गर्नको निमित्त आवश्यक निजी वा सार्वजनिक बाटोलाई जनाउने छ ।

(ख) 'विकास' भन्नाले जमीनको कुनै पनि सतह वा भागमा गरिने निर्माण (स्थायी/अस्थायी। वा भईरहेको निर्माण कार्य वा प्रयोग, उपभोग परिवर्तन गरी नयाँ रुप दिने वा निर्माण गर्ने वा प्रयोग उपभोग गर्ने कार्यलाई बुझाउँछ ।

(ग) 'अधिकार प्राप्त निकाय/व्यक्ति' भन्नाले यस मापदण्डको कुनै वा सबै भागको कार्यान्वयनको निमित्त लिखु पिके गाउँपालिकाले तोकेको कुनै संस्था, अधिकारी वा कर्मचारीलाई 'अधिकार प्राप्त निकाय/व्यक्ति'लाई मानिने छ ।

(घ) 'एकीकृत कार्यमूलक योजना' भन्नाले लिखु पिके गाउँपालिकाको एकीकृत विकासको निमित्त लिखु पिके गाउँपालिका, शहरी विकास तथा भवन निर्माण विभाग र स्थानीय प्रयास द्वारा शहरी क्षेत्र विकास कार्यक्रमको लागि संयुक्त रुपमा तयार गरिएको योजनलाई जनाउछ ।

(ङ) 'भौतिक तथा वातावरणीय योजना' भन्नाले लिखु पिके गाउँपालिकाको भौतिक तथा वातावरणीय दृष्टिकोणबाट शहरी विकास एवं विस्तार गर्नको लागि लिखु पिके गाउँपालिका, शहरी विकास तथा भवन निर्माण र स्थानीय प्रयासद्वारा शहरी क्षेत्र विकास कार्यक्रमको लागि तयार गरिएको योजनालाई भौतिक तथा वातावरणीय विकास योजना मानिएको छ ।

(च) 'भू-उपयोग' भन्नाले विद्यमान मापदण्डमा वर्गीकृत उद्देश्यको लागि भूमिको प्रयोगलाई जनाउने छ ।

(छ) 'भू-उपयोग क्षेत्र' भन्नाले भू-उपयोगलाई नियमित गर्ने उद्देश्यले किटान गरिएको भौगोलिक क्षेत्र मानिने छ ।

(ज) 'विस्तार क्षेत्र' भन्नाले शहरको क्रमिक विस्तार संगसँगै क्रमवद्ध र मित्तव्ययी किसिमले पूर्वाधारको व्यवस्था गर्न अथवा सुधार गर्ने अभिप्रायले विद्यमान मापदण्डले किटान गरेको भौगोलिक क्षेत्र मानिने छ ।

(झ) 'कित्ता' भन्नाले कुनै पनि व्यक्ति वा संस्थाको स्वामित्वमा दर्ता भएको भनी जग्गाधनी प्रमाण पत्रले किटान गरेको क्षेत्र मानिने छ ।

(न) 'भवन' भन्नाले आवासीय, व्यापारिक, संस्थागत होटल, उद्योग, मनोरञ्जन एवं अन्य विशेष उद्देश्यको लागि निर्माण गरिएको सेवा सुविधायुक्त निर्माण संरचना मानिने छ ।

(ट) 'ग्राउण्ड कभरेज (जमीनमा भवनले ओगट्ने क्षेत्रफल)' भन्नाले प्रस्तावित भवन र विद्यमान भवनद्वारा चर्चिएको क्षेत्रफल र प्रस्तावित जग्गाको क्षेत्रफलको अनुपातलाई ग्राउण्ड कभरेज भनिन्छ । भवनको बाहिरी मोहडासम्म नापेर निकालिएको कुनै पनि तलाको समथर क्षेत्रफललाई प्रयोग गरेर ग्राउण्ड कभरेजको हिसाब गरिन्छ ।

(ठ) 'प्लिन्थ' भन्नाले कुनै पनि भवन वा निर्माणको जमीनको सतह भन्दा माथि र जमीनको सतह भन्दा माथि रहेको भुँई वा तलाको सतहभन्दा मुनिको भागलाई प्लिन्थ मानिने छ ।

(ङ) 'ढाकिएको क्षेत्रफल' भन्नाले प्लिन्थ सतहभन्दा लगत्तै माथि कुनै भवन वा निर्माणले चर्चेको भागलाई ढाकिएको क्षेत्रफल मानिएको छ । तर निम्नलिखित भागहरूलाई यसमा समावेश भएको मानिने छैन ।

- बगैंचा, ईनार र त्यस सम्बन्धी निर्माण विरुवाहरूको नर्सरी, पानी पोखरी र फोहोरा, पौडी खेल्ने खुल्ला पोखरी, चौतारा, टंकी, बेञ्च चिप्लेटी, भुला जस्ता बाहिरी वस्तु आदि

- निकासको लागि बनाइएको कल्भर्ट, पानी जानको लागि बनाइएको साना नालीहरू, क्याचपिट, गल्लीपिट, ईन्स्पेक्सन चेम्बर, ढुंड आदि ।

- कम्पाउण्ड घेर्न लगाइएको पर्खाल, ढोका, तला नउठाइएको डेउडी (पोर्च), खुल्ला भर्याङ्ग, याम्प, बाहिरपट्टि झुण्डिएको भयाल, गारो भन्दा बाहिर रहेको बलेंसी छानाले ढाकेको भाग आदि ।

- गार्ड बस्ने कोठा, पम्प हाउस, फोहोर फाल्ने ठाउँ, विद्युत कक्ष, सबस्टेसन आदि जस्ता सेवा पुर्याउन आवश्यक हुने निर्माण आदि ।

(ढ) 'भवनको उचाई' भन्नाले जग्गाको औसत सतह देखि कुनै पनि भवनको सबैभन्दा माथिल्लो भागलाई भवनको जम्मा उचाई मानिने छ । भिरालो छाना भएको अवस्था भिरालो छानाको औसत सतहलाई उचाईमा गणना गरिने छ । सबैभन्दा माथिल्लो तलामा ३ फिट ३ ईञ्च सम्मको प्यारापिट वाल र ८ फिट उचाई सम्मको भर्याङ्ग ढाक्ने भाग, लिफ्टको मेशिन रुम र पानी टयाँकी र त्यसको लागि आवश्यक निर्माणलाई भवनको उचाईमा गणना गरिने छैन । तर यदि भर्याङ्गलाई ढाक्ने भाग सँगै कुनै पनि कोठा निर्माण भएको छ भने त्यस्तो भर्याङ्ग छोप्ने भागलाई पनि भवनको उचाईमा गणना गरिनेछ ।

(ण) 'भुईदेखि सिलिङसम्मको उचाई' भन्नाले कुनै पनि कोठाको तयारी भुँइदेखि तयारी सिलिङ सम्मको नापिएको न्यूनतम उचाईलाई भूईदेखि सिलिङसम्मको उचाई मानिने छ ।

(त) 'सडक अधिकार क्षेत्र' भन्नाले सम्बन्धित निकायले सार्वजनिक सडकको केन्द्ररेखा देखि दुवैतर्फ तोकिएको बराबर दूरीलाई मानिने छ ।

(थ) 'सेट-ब्याक' भन्नाले सडक अधिकार क्षेत्रको किनाराबाट भवन निमांण गर्ने सीमाना सम्मको न्यूनतम दूरीलाई जनाउदछ ।

(द) 'दायाँ बायाँ किनाराको दूरी (मार्जिन)' भन्नाले जग्गाको दायाँ बायाँको सांध देखि भवन निर्माण गर्ने सीमाना सम्मको न्यूनतम दूरीलाई दायाँ बायाँको किनाराको दूरी मानिने छ ।

(ध) 'पछाडि किनाराको दूरी (मार्जिन)' भन्नाले जग्गाको पछाडिको साँध देखि भवन निर्माण गर्ने सीमाना सम्मको न्यूनतम दूरीलाई पछाडि किनाराको दूरी मानिने छ ।

(न) 'निर्माण रेखा' भन्नाले सेटव्याक, दायाँ बायाँ किनाराको दूरी र पछाडि किनाराको दूरीले निर्धारण गरेको रेखालाई निर्माण रेखा मानिने छ । यो रेखा नाघेर कुनै पनि निर्माण (पूर्ण वा आंशिक) बाहिर निकाल्न पाइने छैन

(प) 'भुई क्षेत्रको अनुपात' भन्नाले भवनका सम्पुर्ण भुईहरुको निर्मित क्षेत्रफललाई प्लटको सम्पूर्ण क्षेत्रफलले भाग गरेर आएको भागफललाई दुई क्षेत्रको अनुपात मानिने छ ।

भई क्षेत्रको अनुपात $\frac{\text{सबै भुईहरुको सम्पुर्ण ढाकीएको क्षेत्र}}{\text{प्लटको क्षेत्रफल}}$

यस अन्तर्गत निम्नलिखित भागहरूलाई गणना गरिने छैन ।

- आवासीय तथा व्यापारिक बाहेक अन्य प्रयोजनको लागि निर्माण गरिने बेसमेन्ट तथा सेमी बेसमेण्ट
- सबैभन्दा माथिल्लो तल्लामा रहेको भन्र्याङ्गको छोप्ने भाग (कुनै पनि कोठा नभएको अवस्थामा), लिफ्टको मेशिन रुम ।
- कम्पाउण्ड वाल, ढोका, तल्ला नउठाइएको पोचं, खुल्ला भन्र्याङ्ग, न्याम्प, जमीन मुनिको पानी ट्यांकी, पौडी खेल्ने खुल्ला पोखरी आदि ।

(फ) 'बनावट एवं ढाँचा' भन्नाले भवनको उचाई, निर्माण सामाग्री, छाना, भयाल, बारदली, कर्निस, आदिले झल्काउने रुपरेखालाई भवनको वनावट एवं ढाँचा मानिने छ ।

(म) 'बार्दली' भन्नाले कुनै पनि भवनमा भएको छेकबार सहितको भवनको गारो भन्दा बाहिर निकालिएको आवत जावत गर्नको निमित्त वा बस्नको निमित्त प्रयोग गरिने भागलाई बार्दली मानिने छ ।

(य) 'बेसमेण्ट/सेमीबेसमेण्ट) भन्नाले कुनै पनि भवनको जमीन भन्दा मुनिको भागलाई बेसमेण्ट / सेमीवेसमेण्ट मानिने छ ।

२. भू-उपयोग क्षेत्र

लिखु पिके गाउँपालिकाभित्रको जग्गाको भू-उपयोग क्षेत्र लिखु पिके गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

३. भवन मापदण्ड

गाउँपालिका क्षेत्रमा भवन निर्माण गर्न चाहने कुनै पनि व्यक्ति, सरकारी वा अर्धसरकारी निकाय, निजी तथा सार्वजनिक संघ संस्थाले भवन निर्माण गर्ने अनुमतिको लागि भवनको नक्सा सहित तोकिएको ढाँचामा गाउँपालिका समक्ष दर्खास्त दिनु पर्ने छ। यसरी पेश हुन आएको नक्सा दर्खास्त उपर गाउँपालिकाले वा अधिकार प्राप्त व्यक्तिले विद्यमान मापदण्ड अनुरुप पेश भए नभएको हेरी विद्यमान मापदण्ड अनुसारको भवन निर्माणको लागि स्वीकृति प्रदान गर्नेछ । भवन निर्माणको स्वीकृतिका लागि नक्सा दर्खास्त पेश हुँदा निम्न बमोजिम मापदण्ड पूरा भएको हुनु पर्दछ :

३.१. आवत जावतको निमित्त प्रवेशको माध्यम

(क) कुनै पनि भवन वा प्लट आवत जावतको निमित्त आवश्यक पर्ने (निजी वा सार्वजनिक) बाटो सँग जोडिएको हुनु पर्ने छ ।

(ख) कुनै पनि भवन निर्माण गर्दा आवत जावतको निमित्त आवश्यक पर्ने बाटो वा प्रवेशको माध्यमको निमित्त छुट्याएको क्षेत्र माथि अतिक्रमण हुने गरी वा सोको क्षेत्रफल घट्ने गरी निर्माण गर्न पाइने छैन । कुनै पनि प्रकारको निर्माण गर्दा अर्को भवन वा निर्माणलाई पहिले देखि भईरहेको सार्वजनिक प्रवेशको माध्यमबाट वञ्चित हुने गरी गर्न पाइने छैन ।

(ग) पुरानो एवं भित्री बस्तीमा भवन निर्माणको लागि प्रस्तावित प्लट सम्म पुग्ने प्रवेशको माध्यमको चौडाई २० फिट भन्दा कम हुनु हुँदैन । अन्य ठाउँमा तथा नयाँ सडकहरूको हकमा सडक अधिकार क्षेत्रको मापदण्डमा तोकिएको अवस्थामा वाहेक ३० फिट भन्दा कम सडक चौडाई हुनु हुँदैन । तोकिएको न्यूनतम सडक चौडाई भन्दा कम भएको अवस्थामा नक्सा दर्खास्त दर्ता गरिने छैन

(घ) पुराना एवं भित्री बस्तीहरूमा रहेका बाटोहरूलाई सुधार गरी चौडा गर्ने क्रममा २० फिट सम्म चौडा गर्न नसकिने अवस्था भएमा कम्तिमा १६ फिट सम्म चौडा गर्नु पर्ने छ ।

(ङ) अर्को बाटोसँग लिंक नभएको बाटोमा कल-डे-स्याक (चोक) राख्नुपर्नेछ । कल-डे-स्याकको लागि न्यूनतम १२०० वर्ग फिट (लम्बाई चौडाई वा गाउँपालिकाले तोके बमोजिम। हुनु पर्नेछ ।

३.२. घडेरीको न्यूनतम क्षेत्रफल (२०७२ साल श्रावण महिना भन्दा अघि प्लटिङ भएका जग्गाको हकमा मात्र) :

(क) व्यापारिक क्षेत्रमा भवन निर्माणको लागि बाटो बाहेक कम्तिमा ३ धूर क्षेत्रफलको घडेरी जग्गा हुनु पर्नेछ ।

(ख) व्यापारिक क्षेत्र बाहेक अरु क्षेत्रहरूमा भवन निर्माणको लागि बाटो बाहेक कम्तिमा ५ धूर क्षेत्रफलको घडेरी जग्गा हुनु पर्नेछ ।

(ग) गाउँपालिकाद्वारा विशेष प्रकारका भनी तोकिएका भवनहरूको निर्माणको लागि घडेरीको न्यूनतम क्षेत्रफल २.५ कठ्ठा हुनु पर्नेछ ।

३.३ सडक अधिकार क्षेत्र

(क) गाउँपालिका क्षेत्र भित्रका विभिन्न वडाहरू अन्तर्गत विभिन्न सडकहरूको सडक अधिकार क्षेत्र तालिका नं. १ तथा लिखु पिके गाउँपालिकाले तोकेको नक्सा बमोजिम हुनेछ ।

(ख) गाउँपालिकाबाट स्वीकृति प्राप्त भई बनेका तथा हालका मापदण्ड लागू हुनु भन्दा अगाडि बनेका भवनहरूको हकमा विद्यमान सडक अधिकार क्षेत्र लागू हुने छैन। तर त्यस्ता भवनहरू भत्काएर पुननिर्माण गर्नु पर्दा साथै तला थप गर्नु पर्दा विद्यमान सडक अधिकार क्षेत्र लागू हुनेछ ।

३.४. बाटोको मध्य रेखा देखि भवनको अगाडिको भाग सम्म छाड्नुपर्ने न्यूनतम दूरी (क) बाटोको मध्यरेखा देखि भवनको अगाडिको भाग सम्म छाड्नुपर्ने न्यूनतम दूरी निम्न तालिका अनुसार हुनेछ ।

क्र.सं.	बाटोको चौडाई	बाटोको मध्यरेखा देखि भवनको अगाडिको भागसम्म छाड्नुपर्ने न्यूनतम दूरी
१	सरकारको मापदण्डमा परेका सडक	सरकारको निमय अनुसार
२	रिड रोड (चक्रपथ) ५० फिट भन्दा माथी	३५ फिट
३	६० फिट	३५ फिट
४	५० फिट	३० फिट
५	४० फिट	२८ फिट
६	३० फिट	२५ फिट
७	२० फिट	१६ फिट
८	१५ फिट देखि २० फिट	१६ फिट

नोटः- २० फिट भन्दा बढी चौडाई भएका तर माथि उल्लेखित चौडाई कायम नरहेका बाटोको हकमा कायम रहेको सडक चौडाई र सड़क किनाराबाट छाड्नुपर्ने दूरी नघट्ने गरी सडक मध्यरेखाबाट निर्धारित दूरी छोडेर मात्र भवन निर्माण गर्नु पर्नेछ ।

(ख) प्रस्तावित जग्गा सार्वजनिक जग्गा सँग जोडिएको छ भने निर्माण कार्य गर्नको लागि त्यस्तो जग्गाको साँधबाट कम्तिमा ३ फिट ३ ईञ्च छाड्नु पर्नेछ ।

३.५. निर्माण रेखा

(क) भयाल ढोका राखी भवन निर्माण गर्नु पर्दा जग्गाको जुन किनारा पट्टि भयाल ढोका राख्ने हो, त्यता पट्टि तोकिएको सेटब्याक (कम्तीमा ३ फिट ३ इन्च दूरी वा मार्जिन छोड्नु पर्नेछ ।

(ख) सार्वजनिक जग्गाको साँध तर्फ र सडकसँग जोडिएको किनारा तर्फ वाहेक अन्य सांधियारको किनारा तर्फ भयाल ढोका नराखी निर्माणको लागि प्रस्ताव आएमा आफ्नो सांधवाट निर्माण गर्न सकिने छ । तर त्यसरी साँधबाट निर्माण गर्दा कुनै पनि किसिमको भेष्टिलेसन, ग्रील, शीशा, आदि राख्न पाइने छैन

३.६ पछाडि किनारा र दायाँ बायाँ किनारामा छाड्नु पर्ने दूरी

(क) झ्याल ढोका राखी भवन निर्माण गर्नु पर्दा जग्गाको पछाडि किनारा एवं दुवै छेउ जतापट्टि भ्याल ढोका राख्ने हो त्यतापट्टि कम्तिमा ३ फिट ३ ईञ्च छाड्नु पर्दछ ।

(ख) भयाल ढोका नराखी भवन निर्माण गर्न प्रस्ताव गरिएको किनारा तर्फ सार्वजनिक जग्गा परेको अवस्थामा उक्त सार्वजनिक जग्गा सँगको साँधपछि कम्तिमा ३ फिट ३ इंच सेटव्याक छोड्नु पर्दछ ।

३.७. ग्राउण्ड कभरेज

(क) लिखु पिके गाउँपालिकाको प्रमुख भू-उपयोग क्षेत्रहरूमा घडेरीको क्षेत्रफलको आधारमा निम्न वमोजिमको ग्राउण्ड कभरेज स्वीकृति गरिने छ ।

तालिका २
स्वीकृति दिन सकिने अधिकतम ग्राउण्ड कभरेज

क्र.सं.	भू-उपयोग क्षेत्र	घडेरीको क्षेत्रफल (धूर)	अधिकतम ग्राउण्ड कभरेज (१)	कैफियत
१	व्यापारिक	अ. ३ देखि १० भन्दा कम आ. १० देखि ३० भन्दा कम इ. ३० देखि माथि	९० ८० ७०	अ को क्षेत्रफलमा नघट्ने गरी आ को क्षेत्रफलमा नघट्ने गरी
२	आवासीय	अ. ५ देखि १० भन्दा कम आ. १० देखि ३० भन्दा कम इ. ३० देखि माथि	८० ७० ६०	अ को क्षेत्रफलमा नघट्ने गरी आ को क्षेत्रफलमा नघट्ने गरी
३	स्वास्थ्य	अ. ५ देखि १० भन्दा कम आ. १० देखि ३० भन्दा कम इ. ३० देखि माथि	८० ७० ६०	अ को क्षेत्रफलमा नघट्ने गरी आ को क्षेत्रफलमा नघट्ने गरी

४	धार्मिक तथा पर्यटकीय	अ. ५ देखि १० भन्दा कम आ. १० देखि ३० भन्दा कम इ. ३० देखि माथि	८० ७० ६०	अ को क्षेत्रफलमा नघट्ने गरी आ को क्षेत्रफलमा नघट्ने गरी

नोटः- (क) अन्य क्षेत्रको हकमा

- औद्योगिक क्षेत्र, संस्थागत क्षेत्र, पर्यटकीय क्षेत्रभित्र निर्माण कार्य गर्नुपरेमा आवासीय क्षेत्र बमोजिमको भवन सम्बन्धी मापदण्ड लागू हुनेछ ।

- मनोरञ्जन तथा वन क्षेत्रमा निमांण सम्बन्धी कार्य गर्नु परेमा गाउँपालिकाले तोके बमोजिम गर्नुपर्नेछ ।

(ख) पुरानो भवन भत्काएर नयाँ निर्माण गर्दा विद्यमान मापदण्डमा उल्लेख भए बमोजिमको ग्राउण्ड कभरेज स्वीकृति गरिने छ ।

(ग) बाउण्ड्री वाल, ढोका, तला नथपेको पोचं, खुल्ला भन्र्याङ्ग, याम्प, खुल्ला पौडी पोखरी, जमीन मुनीको पानी ट्यांकी आदि ग्राउण्ड कभरेजमा समावेश गरिने छैन ।

(घ) माथि उल्लेखित सबै क्षेत्रहरूमा गाउँपालिकाले विशेष किसिमको वा थप मापदण्ड तोक्न सक्नेछ

३.८. भुँईदेखि सिलिङ सम्मको उचाई

(क) आवासीय प्रयोजनको निमित्त भुईदेखि सिलिङसम्मको उँचाई कम्तिमा १० फिट देखि बढीमा १२ फिट सम्म हुनु पर्नेछ

(ख) विशेष प्रकारका भवनहरूको लागि भूईदेखि सिलिङसम्मको न्यूनतम एवं अधिकतम उँचाई गाउँपालिकाले तोके बमोजिम हुने छ

३.९. तला संख्या र भवनको उँचाई

(क) धार्मिक तथा पर्यटकीय क्षेत्रमा बाहेक अन्य क्षेत्रमा स्वीकृति दिन सकिने अधिकतम तला संख्या र भवनको उँचाई प्रस्तावित निर्माण सँग जोडिएको सडकको चौडाईको आधारमा तालिका ३ बमोजिम हुनेछ ।

तालिका ३

स्वीकृति दिन सकिने अधिकतम तला संख्या र उँचाई

सडकको चौडाई (फिट)	अधिकतम तला संख्या	भवनको अधिकतम उंचाई (फिट)	कैफियत

२० वा सो भन्दा बढी	५	५८	
१६ फिट वा सोभन्दा कम	३	३६	धार्मिक तथा पर्यटकीय क्षेत्र बाहेक

(ख) तल्ला थप गर्ने प्रयोजनका लागि दुई वा दुई भन्दा बढी सडकहरूसँग जोडिएको घडेरीको हकमा बढी चौडाईको सडकलाई आधार मानिने छ ।

(ग) धार्मिक तथा पर्यटकीय क्षेत्रमा अधिकतम तला संख्या र भवनको उँचाई क्रमशः ३ तला र ३६ फिट स्वीकृत गरिने छ

(घ) स्वीकृति दिन सकिने अधिकतम उँचाई भन्दा माथि ८ फिट सम्म भाङ्ग ढाक्ने भाग निर्माण गर्न स्वीकृति दिन सकिने छ । तर त्यस्तो निर्माण हुने तलामा अन्य कुनै पनि कोठा हुनु हुँदैन ।

(ङ) सबै भन्दा माथिल्लो तलामा अधिकतम उँचाई भन्दा माथि ३ फिट ३ इंञ्च सम्म प्यारापिट वाल निर्माण गर्न दिन सकिने छ ।

(च) पुरानो भवन भत्काएर सोही प्लटमा नयाँ भवन निर्माण गर्दा हालको मापदण्ड अनुसारको तला संख्या र उँचाई स्वीकृति दिइने छ ।

(छ) पुरानो भवनको तला थप गर्नुपर्दा बढीमा ३ तलाको मात्र नक्सा दर्ता गर्न सकिने छ । साथै पुरानो बनिसकेको भवनलाई गाउँपालिकाका प्राविधिकले निर्माणको स्थिति हेरी तला थप गर्न प्रतिवन्ध लगाउन सक्नेछ ।

३.१०. सेवा सुविधा

गाउँपालिकाबाट स्वीकृति भएको नक्सा बमोजिम बनेको भवनलाई मात्र सेवा सुविधा जडानको निमित्त सम्बन्धित निकायलाई सिफारिस गरि पठाइने छ । गाउँपालिकाबाट सिफारिस पत्र प्राप्त भए पछि मात्र सम्बन्धित निकायले सेवा सुविधा जडान गरि दिनु पर्नेछ। कुनै पनि नयाँ भवन निर्माण वा भईरहेको भवनमा परिवर्तन गर्नु पर्दा सेवा सुविधा सम्बन्धि निम्न लिखित प्रावधानहरू हुनु पर्दछ ।

३.१०.१. सतह ढल

(क) प्रस्तावित प्लटबाट गाउँपालिका वा सम्बन्धित निकायले तोकि दिएको दूरी भित्र सतह ढल छ भने प्लटभित्रको वर्षाको पानी सतह ढलमा जोड्नु पर्ने छ । यस्तो जडान गर्दा गाउँपालिका वा सम्बन्धित निकायले तोके बमोजिम जडान गर्नु पर्दछ ।

(ख) सतह ढलमा कुनै पनि किसिमको ठोस फोहोर मैला एवं विषालु पर्दाथ पठाउन पाइने छैन

पर्यटकीय

रीको

३.१०.२. जमीन मुनिको ढलको निकास

(क) चर्पी नभएको भवन निर्माणको स्वीकृति दिइने छैन ।

(ख) गाउँपालिकाको मापदण्ड अनुसार अनिवार्य रुपमा सेप्टीक ट्यांकी तथा सकपिटको निर्माण गर्नु पर्ने छ ।

(ग) सडक अधिकार क्षेत्रवाट साथै संधियारको साँधबाट ३ फिट ३ ईञ्च छाडेर मात्र सेप्टीक ट्यांकी र सकपिट निर्माण गर्न पाइने छ ।

(घ) सार्वजनिक ढल, सतह ढल, होली, खोला, आदिमा सिधै सेप्टीक ट्यांकीको निकास दिन पाइने छैन । कसैले त्यसो गरेमा गाउँपालिकाको नियम अनुसार ५ हजार देखि ५० हजार सम्मको जरिवना तथा अन्य कडा कारवाही हुनेछ ।

३.१०.३. खानेपानी

(क) जमीनमुनी खानेपानीको ट्यांकी बनाउँदा सडक अधिकार क्षेत्रवाट ३ फिट ३ ईञ्च छाडेर मात्र निर्माण गर्न पाइने छ ।

(ख) खानेपानीको पाइपको जडान गर्दा सम्बन्धित निकायले तोके बमोजिम गर्नु पर्दछ ।

(ग) सेटब्याक छोडेको जग्गा भित्रवाट खानेपानीको पाइप विस्तार गर्न सकिने छ ।

३.१०.४. विद्युत

(क) निर्माणको लागि प्रस्तावित भवन, जग्गाबाट विद्युतको तार नजिकै भएको अवस्थामा निर्माण, तला थप गर्नु पर्दा विद्युत प्रधिकरणको नियम अनुसार गर्नु पर्दछ ।

(ख) अग्ला भवनहरूमा चट्याङ्गबाट बच्नको लागि सम्बन्धित निकायले तोके बमोजिमका प्रावधानहरू व्यवस्था गर्नु पर्दछ

३.१०.५. फोहोर मैला

(क) आफ्नो घरबाट निस्कने फोहोर मैलाको व्यवस्थापन आफैले गर्नु पर्दछ ।

(ख) फोहोर मैला फाल्नु पर्दा सम्बन्धित निकायले तोकिदिएको स्थान तथा समयमा फाल्नु पर्दछ ।

३.१०.६. निर्माण सामाग्री व्यवस्थापन

(क) कुनै पनि सार्वजनिक स्थल वा बाटोको छेउमा निमांण सामाग्री राख्नु पदां ढल भन्दा बाहिर मात्र राख्नु पर्नेछ यदि राख्नै पर्ने भए गाउँपालिकाको स्वीकृति लिएर मात्र राख्न सकिने छ साथै तुरुन्तै उठाई प्रयोगमा ल्याउनु पर्नेछ ।

(ख) यदि कसैले बाटो अवरोध हुने गरी निर्माण सामाग्री राखेमा र उक्त कार्यबाट कुनै हानी नोक्सानी हुन गएमा गाउँपालिकाको नियम अनुसार घरधनी र ठेकेदारलाई कडा कारवाही गर्न सकिने छ

३.१०.७. पार्किङ्गको व्यवस्था

(क) विशेष प्रकारका भवनहरूको निमित्त (आवासीय तथा घरेलू उद्योग बाहेकमा) जम्मा जग्गाको कम्तिमा १५% जग्गा पार्किङ्गको लागि छोड्नु पर्दछ । जग्गाको क्षेत्रफलको आधारमा समेत गाउँपालिकाले पार्किङ्गको लागि छोड्नु पर्ने जग्गाको प्रतिशत तोक्न सक्नेछ ।

(ख) गाडी सम्बन्धि मर्मत कारखानाको लागि जम्मा जग्गाको कम्तिमा २५ प्रतिशत जग्गा पार्किङ्गको लागि छोड्नु पर्नेछ । जग्गाको क्षेत्रफलको आधारमा समेत गाउँपालिकाले पार्किङ्गको लागि छोड्नु पर्ने जग्गाको प्रतिशत तोक्न सक्नेछ ।

(ग) भवनको प्रयोजन, उपभोग परिवर्तन गर्नु पदर्दा पनि पार्किङ्गको लागि चाहिने जग्गाको व्यवस्था गर्नु पर्दछ ।

३.१०.८. नदी, कुलो, होली, खोल्सी, नहर, पैनीको किनाराबाट छाड्नु पर्ने दूरी

नदी, कुलो, होली, खोल्सी, नहर, पैनी सँग जोडिएको जग्गामा भवन निर्माणको लागि प्रस्ताव गर्दा निम्न वमोजिमको दूरी छोडेर मात्र निर्माण गर्न स्वीकृति दिइने छ ।

(क) नदी

- तट्वन्ध भएको अवस्थामा १० मिटर छाड्ने
- तट्वन्ध नभएको अवस्थामा ३० मिटर छाड्ने

(ख) नहर, होली, खोल्सी

- तट्वन्ध भएको अवस्थामा २ मिटर छाड्ने
- तद्वन्ध नभएको अवस्थामा ५ मिटर छाड्ने

(ग) कुलो, पैनी

- १ मिटर छाड्ने
- निर्माणको लागि प्रस्तावित जग्गा र नदी कुलोको सीमाना नापी नक्सा अनुसार निर्धारण गरिनेछ

३.१०.९. विशेष प्रकारका भवनहरू

(क) निम्न लिखित प्रयोजनका भवनहरूलाई विशेष प्रकारका भवनहरू मानिने छ ।

- शैक्षिक संघ संस्थाहरू
- सरकारी, अर्ध सरकारी सार्वजनिक र गैर सरकारी संघ संस्थाहरू
- नर्सिङ्ग होम, पोलिक्लिनिक, अस्पताल
- तारे होटल
- सिनेमा घर, नाच घर, सभा गृह
- सपिङ्ग कम्प्लेक्स, सुपर मार्केट
- साना तथा घरेलु उद्योग, ठूला उद्योग
- मोटर गाडी मर्मत कारखाना
- गाउँपालिकाले विशेष प्रकारको भनी तोकेका भवनहरू

(ख) विशेष प्रकारका भवनहरू निर्माण गर्दा निम्नानुसारका मापदण्डहरू पालना गर्नु पर्दछ ।

(अ) अधिकतम ग्राउण्ड कभरेज ७०% (भू-उपयोग क्षेत्र, भवनको प्रकृति तथा प्रयोजनको आधारमा)

(आ) भुँईदेखि सिलिङ सम्मको उँचाईः भवनको प्रयोजन अनुसार गाउँपालिका तोकिदिए, स्वीकृति दिए बमोजिम

(इ) अधिकतम तला संख्या र भवनको उँचाई भवनको प्रयोजन अनुसार गाउँपालिका तोकिदिए, स्वीकृति दिए बमोजिम ।

(ई) अन्य प्रावधानहरू गाउँपालिका तोकि दिए, स्वीकृति दिए बमोजिम हुनेछ ।

४. योजना मापदण्ड

कुनै पनि व्यक्ति वा निकायले भवन निर्माण, भवन वा जग्गाको प्रयोग, प्रयोगमा परिवर्तन तथा जग्गाको विकास गर्न चाहेमा सो सम्बन्धी स्वीकृतिको लागि गाउँपालिकामा तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ त्यस्तो निवेदन उपर गाउँपालिकाले निम्न किसिमको बुँदा समावेश गरी स्वीकृति दिन सक्नेछ ।

(क) प्लट भित्र बनेको वा प्रस्तावित भवनको उपभोग अथवा प्लटको केही अंशको उपभोग ।

(ख) सेवा सुविधा एवं पूर्वाधारको व्यवस्था

४.१. जग्गा तथा भवनको उपभोग

(क) यस मापदण्डमा विकास भनेर परिभाषित गरिएको सँग सम्बन्धित कुनै पनि क्रियाकलापलाई (विद्यमान भवनको उपभोगमा परिवर्तन समेत) तालिका ४ मा प्रस्तुत गरिए बमोजिम स्वीकृति दिन सकिने छ

(ख) गाउँपालिकाले विभिन्न भू-उपयोग क्षेत्रमा विभिन्न किसिमका क्रियाकलापहरूलाई विशेष

स्वीकृति दिन सक्ने छ ।

(ग) तालिका ४ मा उल्लेख नगरिएका क्रियाकलाप वा उपभोगको प्रकृतिलाई स्वीकृति दिने वा नदिने वा विशेष स्वीकृति दिने अधिकार गाउँपालिकामा निहित रहने छ ।

तालिका ४

मुख्य भू-उपयोग क्षेत्रमा जग्गा तथा भवनको उपभोगको स्वीकृति

क.सं.	उपयोग	भू-उपयोग क्षेत्र				
		आवासीय तथा व्यापारिक	आवासीय	स्वास्थ्य	धार्मिक तथा पर्यटकीय	औद्योगिक
१	आवासीय	क	क	क	क	क
२	आवासीय तथा व्यापारिक	क	क	क	क	क
३	होटल,लज	क	ग	ग	ग	ख
४	शैक्षीक संस्था	क	क	क	ग	ग
५	सरकारी सार्वजनिक तथा गैर सरकारी संस्था	ग	ग	ग	ग	ग
६	नर्सिङ्गहोम,पोलिक्लिनिक	ग	ग	क	ग	ख
७	सिनेमा हल	क	ग	ख	ग	ख

८	नाचघर	क	ग	ख	ग	ख
९	सभाघर	क	ग	ख	ग	ख
१०	साना तथा घरेलु उध्योग	ग	ग	ख	ग	क
११	ठुला उध्योग	ख	ख	ख	ख	क
१२	मोटर मर्मत कारखाना	ग	ग	ख	ख	ग
१३	बसपार्क	ग	ग	ख	ख	ख
१४	रंगशाला	ख	ग	ख	ख	ख
१५	ब्धशाला	ग	ग	ख	ख	क

नोटः 'क' स्वीकृति दिने, 'ख' स्वीकृति नदिने, 'ग' गाउँपालिकाद्वारा विशेष स्वीकृति दिने ।

- गाउँपालिका क्षेत्रभित्रको सुरक्षा लगायत संवेदनशील क्षेत्रमा गाउँपालिकाले तोके बमोजिमको मापदण्ड पालना गर्नु पर्नेछ ।

- धार्मिक तथा पर्यटकीय क्षेत्र, स्मारक तथा संरक्षण क्षेत्र सम्बन्धित निकायको समेत मापदण्ड पालना गर्नु पर्नेछ ।

- गाउँपालिकाले विशेष क्षेत्र एवं उपभोगहरू (खानी, वाढी, जलाशय, स्मारक, संरक्षण, कुखुरापालन आदि जस्ता विभिन्न पेशागत क्षेत्रहरू एवं उपभोगहरू आदि) तोकि विशेष प्रकारको प्रावधान राखी विशेष प्रकारको स्वीकृति दिन सक्नेछ

- मनोरञ्जन तथा पर्यटकीय क्षेत्रहरूमा जग्गा तथा भवनको उपभोगको हकमा गाउँपालिकाले तोके बमोजिम हुनेछ । साथै गाउँपालिकाको अन्य कुनै क्षेत्रमा जग्गा तथा भवनको उपभोग गाउँपालिकाले तोके बमोजिम हुनेछ

४.२. शहरी क्षेत्र विस्तारको प्राथमिकता, एवं पूर्वाधार तथा सेवा सुविधाको व्यवस्थाको लागि लगानीको जिम्मेवारी

(क) लिखु पिके गाउँपालिकाको शहरी क्षेत्रको विस्तारको प्राथमिकता, एवं पूर्वाधार तथा सेवा सुविधाको व्यवस्था (सडक, ढल, सतह ढल, जमीन मुनीको ढल, खानेपानी, विद्युत तथा दूरसंचार) को लागि लगानीको जिम्मेवारी लिखु पिके गाउँपालिकामा राखिएको शहरी क्षेत्र विस्तारको प्राथमिकता नक्सा तथा तालिका ५ मा तोकिए बमोजिम हुनेछ ।

तालिका ५

शहरी क्षेत्र विस्तारको प्राथमिकता, एवं पूर्वाधार तथा सेवा सुविधाको व्यवस्थाको लागि लगानीको जिम्मेवारी

शहरी क्षेत्र विस्तारको चरण	शहरी क्षेत्र विस्तार प्राथमिकता	लगानीको लागि जिम्मेवारी
प्रथम चरण	१	गाउँपालिका, निवेदक

द्वितीय चरण	२	गाउँपालिका, निवेदक

(ख) पूर्वाधार तथा सेवा सुविधाको विस्तार तथा व्यवस्थापन निमित्त खर्चको सहभागिता विकासको प्रकृति हेरी गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

(ग) प्राथमिकता क्रम १, २ को क्षेत्रहरू लिखु पिके गाउँपालिकामा राखिएको शहरी क्षेत्र विस्तारको प्राथमिकता नक्सामा देखाइए बमोजिम हुनेछ ।

४.३. आवासीय प्रयोजनका लागि जग्गा विकास

कुनै पनि व्यक्ति वा निकायले आवासीय प्रयोजनका लागि जग्गा विकास गर्न चाहेमा निम्नलिखित मापदण्डको पालना गर्नुपर्नेछ । तल उल्लेखित मापदण्ड बाहेक अन्य मापदण्डको हकमा जग्गा विकास गर्न प्रस्तावित क्षेत्र जुन भू-उपयोग क्षेत्रमा पर्दछ सोही बमोजिमको मापदण्ड लागू हुनेछ

४.३.१. सडकको चौडाई

(क) गाउँपालिका क्षेत्र भित्र राजमार्ग बाहेक ५० फिट चौडाई भन्दा माथिका सडकलाई मुख्य सडक मानिने छ । मुख्य सडकसँग जोड्ने सडकको न्यूनतम चौडाई ३० फिट हुनु पर्ने छ ।

(ख) अन्य सडकहरूको न्यूनतम चौडाई २० फिट हुनु पर्नेछ ।

(ग) अर्को बाटोसँग लिङ्क नभएको बाटोमा कल-डे-स्याक (चोक) राख्नु पर्नेछ । यसको क्षेत्रफल घटीमा १२०० वर्ग फिट (लम्बाई, चौडाई गाउँपालिकाले तोके बमोजिम) हुनु पर्नेछ ।

४.३.२. घडेरीको क्षेत्रफल

(क) घडेरीको न्यूनतम क्षेत्रफल बाटो बाहेक ५ धूर हुनु पर्नेछ ।
(ख) जग्गा विकास गर्न प्रस्ताव गरिएको स्थान तथा उपभोगको आधारमा समेत गाउँपालिकाले न्यूनतम क्षेत्रफल तोक्न सक्नेछ ।

४.३.३. खुल्ला क्षेत्र (सडक बाहेक)

(क) जग्गा विकास गर्दा न्यूनतम निम्न अनुसारको खुल्ला क्षेत्र (सडक बाहेक छोड्नु पर्नेछ ।
• प्रति विगाहा १ कट्ठा (क्षेत्रफलको ५ प्रतिशत), १ विगाहा भन्दा बढी जग्गा विकास गरेको भए बेग्ला बेग्लै ठाउँमा सकेसम्म मध्य भागमा पर्ने गरी खुल्ला क्षेत्र छोड्नु पर्नेछ ।

(ख) माथि उल्लेखित मापदण्ड १० कट्ठा भन्दा बढी जग्गा विकास गर्दा अनिवार्य रुपमा लागू हुनेछ । सो भन्दा कम जग्गाको हकमा गाउँपालिकाले स्वीकृति दिए अनुसार हुनेछ ।

४.३.४. पूर्वाधार तथा सेवा सुविधा

जग्गा विकास गर्ने व्यक्ति वा निकायले सम्बन्धित जग्गामा पूर्वाधार तथा सेवा सुविधा (सडक, खानेपानी, विद्युत, दूरसंचार, ढल आदि। के कसरी विस्तार एवं व्यवस्था गर्ने हो सो को विस्तृत विवरण पेश गरी गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ । यस्तो पूर्वाधार तथा सुविधाको निर्माण विस्तारको लागि प्राथमिकता तथा जिम्मेवारी गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

४.३.५. घडेरीको विभाजन

(क) जग्गा विकास गरिएको क्षेत्रमा घडेरीको विभाजन गर्नु पर्दा गाउँपालिकाको स्वीकृति लिएर मात्र गर्नु पर्नेछ

(ख) घडेरीको विभाजन गर्दा बाटो वाहेक ५ धूर भन्दा कम हुने गरी गर्न पाइने छैन ।

५. विविध

५.१. अतिरिक्त प्रावधानहरु

(क) कुनै पनि स्थायी प्रकृतिको (गाउँपालिकाले अस्थायी प्रकृतिको भनी तोकेको बाहेक) निर्माणको लागि लिखु पिके गाउँपालिकामा दर्ता भएको प्राविधिकद्वारा नेपाल बिल्डिङ्ग कोड NBC २०५ अनुसार पेश गरिएको हुनु पर्दछ ।

(ख) पांच तल्ला वा ५८ फिट उंचाई सम्मका भवनहरू निर्माण गर्दा भवनहरूको निर्माण स्वीकृतिको लागि नक्साको साथमा स्टक्चरल नक्सा समेत पेश गरी लिखु पिके गाउँपालिकामा दर्ता भएको ईञ्जिनियरिङ्ग कन्सल्टेन्सी/फर्म द्वारा सिफारिस गरिएको हुनु पर्दछ ।

(ग) पाँच तल्ला भन्दा बढीका भवनहरू तथा गाउँपालिकाले आवश्यक छ भनी तोकिएका भवनहरू निर्माणको लागि स्वीकृति लिंदा स्टक्चरल डिजाईनमा भूकम्पको दृष्टिकोणबाट सुरक्षित डिजाईन हुनु पर्छ । यस्तो निर्माणमा आगलागीबाट बचाउको प्रावधान र लिफ्टको समेत व्यवस्था हुनुपर्दछ । साथै स्टक्चरल नक्सा पेश गरी लिखु पिके गाउँपालिकामा दर्ता भएको ईन्जिनियरद्वारा सिफारिस गरिएको हुनुपर्दछ ।

(घ) स्टक्चरल डिजाईनको नक्सा पेश गरी सिफारिस गरिएको अवस्थामा स्टक्चरल डिजाईनकर्ताले स्टक्चरल डिजाईनको जिम्मेवारी लिनु पर्नेछ ।

(ङ) धार्मिक तथा पर्यटकीय क्षेत्रमा भवन निर्माण गर्दा गाउँपालिकाले तोकिदिए बमोजिम गर्नुपर्नेछ।

(च) लिखु पिके गाउँपालिकाको भवन तथा योजना मापदण्ड २०७२ अनुसार स्वीकृत भएका भवन निर्माण गर्दा लिखु पिके गाउँपालिकामा सूचिकृत भई दर्ता गरिएका तालिम प्राप्त कालिगढ, मिस्त्री वा ज्यामीद्वारा निर्माण कार्य गराउनु पर्नेछ ।

५.२. बेसमेण्ट निर्माण

(क) आवासीय उपभोगको लागि बेसमेण्ट बनाउन पाइने छैन ।

(ख) निम्न बमोजिमको उपभोगको लागि मात्र बेसमेण्ट बनाउन पाइने छ ।

- सामान्य प्रज्ज्वलनशील खालका घरेलु तथा अन्य वस्तुहरू स्टोर गर्नको निमित्त ।.
- भवनको सेवा र सुविधाको लागि प्रयोग हुने, एयर कन्डिसन, जेनेरेटर वा अन्य मेशिन वा यन्त्रहरूको निमित्त ।
- पार्किङ्गको निमित्त
- गाउँपालिकाले तोकेको अन्य प्रयोजनको निमित्त ।

(ग) बेसमेण्ट, सेमीबेसमेण्ट निर्माणको लागि स्टक्चरल नक्साको साथसाथै प्रकाश तथा भेन्टिलेसनको व्यवस्था समेतको व्यवस्था स्वीकृतिको लागि गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(घ) बेसमेण्ट, सेमीबेसमेण्टको लागि पनि ग्राउण्ड कभरेज, भवन निर्माण रेखा आदि जस्ता मापदण्डहरू लागू हुनेछन् ।

५.३. कम्पाउण्ड पर्खाल

(क) कुनै पनि कम्पाउण्ड पर्खालको उँचाई अगाडिको सडकको केन्द्र रेखाको सतहबाट घटिमा ५ फिट देखि बढीमा ७ फिट सम्म स्वीकृत गर्न सकिने छ ।

(ख) ७ फिट भन्दा बढी उँचाईको कम्पाउण्ड पर्खाल आवश्यक पर्ने अवस्थामा सोको प्रकृति र प्रयोजन हेरी गाउँपालिकाले विशेष स्वीकृति प्रदान गर्न सक्नेछ ।

(ग) सडक अधिकार क्षेत्रको किनाराबाट कम्पाउण्ड पर्खाल लगाउन पाइने छ । तर यस्तो पर्खालसँग कुनै पनि किसिमको स्थायी, अस्थायी निर्माण गर्न वा जोड्न पाइने छैन ।

(घ) सेटब्याकको परिधिभित्रबाट खानेपानीको पाइप लाइन विस्तार गर्न सकिने छ ।

५.४. बन्द भयाल

घडेरीको सीमानाबाट मार्जिन नछोडी साँधबाटै भवन निर्माण गर्न प्रस्ताव भएको अवस्थामा यस्तो भवनमा तोकिएको मार्जिन नछोडिएको साँधतर्फ कुनै पनि किसिमको बन्द भयाल (प्रकाश वा भेन्टिलेसनको लागि राख्न पाइने छैन ।

५.५. घाम पानीबाट बचावटको लागि छज्जा

(क) घामपानीबाट बचावटको लागि अगाडि, दायाँ बायाँ तथा पछाडिको मार्जिन भित्र पर्ने गरी बढीमा २ फिट सम्मको छज्जा निर्माण गर्न पाइने छ ।

(ख) माथि उल्लेखित विभिन्न अवस्थामा निर्माण गर्न पाइने छज्जालाई कोठा तथा बालकोनीको प्रयोगमा ल्याउन पाइने छैन ।

(ग) भवनको छतबाट पानी भुँईमा खसाउदा पाईपको प्रयोग गरी आफ्नै जग्गामा पर्ने गरी खसाउनु पर्नेछ । उक्त पानीको निकास अर्काको जग्गामा साथै बाटोमा नजम्ने गरी व्यवस्था गर्नु पर्नेछ, यदि त्यसो नगरेमा गाउँपालिकाको नियम अनुसार कडा करवाही गरिने छ ।

५.६. भवनको बाहिरी पर्खाल देखि बाहिर पट्टि बार्दली, खुल्ला भरेङ्ग आदि निर्माण

(क) भवनको कुनै पनि बाहिरी पर्खालदेखि वाहिर पट्टि निस्कने गरी तथा सेटव्याकभित्र पर्ने गरी वार्दली, खुल्ला भरेङ्ग, आदि निर्माण गर्न पाइने छैन ।

५.७. पेट्रोल पम्पको निर्माण

(क) पेट्रोल पम्प र सो सम्बन्धी निर्माणको लागि सम्बन्धित निकायको मापदण्ड पालना गर्नु पर्ने छ

(ख) पेट्रोल पम्पलाई जोड्ने तथा पेट्रोल पम्प हाताभित्र रहने मार्गहरू आर.सी.सी. वा कालोपत्रे गरिएको हुनु पर्नेछ

५.८. विज्ञापन सम्बन्धी बोर्डहरू

(क) विज्ञापन सम्बन्धी कुनै पनि बोर्डहरू राख्नु पर्दा गाउँपालिकाको स्वीकृति लिएर मात्र राख्नु पर्नेछ ।

५.९. मापदण्डको व्याख्या

विद्यमान मापदण्डमा व्यवस्था नभएका वा नपुग भएका प्रावधानहरूको आवश्यकता परेमा गाउँपालिकाले व्याख्या एवं थप प्रावधानहरूको व्यवस्था गर्न सक्ने छ

नेपाल राष्ट्रिय भवन निर्माण संहिता २०६० निर्देशिका एव फारमहरु (लिखु पिके गाउँपालिकामा कार्यान्वयन वर्ष २०७२ श्रावण १ गते देखी)

भाग "क" निर्देशिका

PART 'A' INSTRUCTIONS

१. पृष्ठभूमि :

भूकम्पीय दृष्टिकोणले हाम्रो देश नेपाल सम्वेदनशील क्षेत्रमा पर्दछ । भारतीय उप महाद्वीप यूरोशियन महाद्वीप भित्र घुस्ने क्रम जारी रहको र नेपाल उक्त दुई महाद्वीपको सन्धि स्थलमा पर्ने भएकोले साना ठूला भूकम्पहरु गईनै रहेको छ । यसरी दुई महाद्वीपको घर्षणले गर्दा विभिन्न चिराहरु (faults) हाम्रो देशमा भेटिएका छन् । भूकम्पको ईतिहासलाई हेर्दा हाम्रो देशमा हरेक ८० देखी १०० वर्ष पछि एक महाभूकम्प आउने गरेको पाईएकोछ । वि.सं. १९९० सालमा ८.४ रेक्टर स्केलको भूकम्पले काठमाण्डौ उपत्यका र पूर्वी तराईमा ठूलो जनधनको क्षति पुर्‍यायो। यस भूकम्पले नेपालमा मात्र ८० हजार घरहरु भत्किई नष्ट भए भने समष्टिगत रुपमा १ लाख ४ हजार घरहरुलाई हानी नोक्सानी पुर्‍यायो । वि.सं. २०४५ साल भाद्र ५ गते ६.७ रेक्टर स्केलको भूकम्पले पूर्वी तराईका ६,५०० भन्दा बढी घरहरु भत्काउनुको साथै ७०० भन्दा बढी मानिसहरुको मृत्यु भयो । त्यस्तै मिति २०७२ वैशाख १२ गते आएको ७.९ रेक्टर स्केलको महाभुम्प र त्यसको पराकम्पन वाट क्षति भएको १४ जिल्लाको १०,८०३ सरकारी भवनहरु पूर्ण रुपमा क्षती भएको र सर्वसाधारणका घरहरु २,९७,२६६ घरहरु पुर्णरुपमा क्षती भएको छ भने २, ७७,०५० घरहरु आंशिक रुपमा क्षती भएको छ । साथै ८८०० भन्दा बढी मानिसहरुको मृत्यु भयो । यस्ता विनाशकारी प्राकृतिक प्रकोपलाई रोक्न सकिन्न तर समय मै बुद्धि पुर्‍याईएमा यसवाट हुने जनधनको क्षतिलाई कम गर्न सकिन्छ । विनास पछिको सतर्कता पश्चाताप बाहेक केही नहुने भएकोले क्रमबद्ध रुपमा पूर्व तयारी गर्नु आजको अपरिहार्य आवश्यकता हो पूर्व तयारीको विभिन्न प्रकारहरु मध्ये भूकम्प प्रतिरोधी भवन निर्माण गर्न सबै भन्दा उत्तम पुर्व तयारी हो। यो कुनै नौलो कुरो होइन। घर निमार्ण सम्बन्धी हाम्रो चलन चल्तीमा रहको केही सामान्य अभ्यासहरुलाई मात्र परिवर्तन गर्न सकिएमा भूकम्प प्रतिरोधी भवन निर्माण गर्न सकिन्छ । यस विषयमा प्रत्येक वर्ग र समुदाय सचेत हुनु आवश्यक छ । उल्लेखित विषयहरुमा सम्पूर्ण गाउँवासीहरुको चेतना अभिवृद्धि गर्न आवश्यक महशुस गरी लिखु पिके गाउँपालिका (तत्कालिन भा.सि.गा.वि.स.) ले रेडक्रस तथा वर्ल्ड भिजनको सहयोगमा विगतदेखि नै "भूकम्प सुरक्षा दिवस" मनाउने गरेको सर्व विदितै छ । उक्त दिवस र अन्य दिनहरुमा समेतगरी विभिन्न समुदाय, निर्माण कर्मी, ठेकेदार, प्राविधिक नागरिक समाजलाई तालिम एवं जनचतेनाका कार्यहरु गर्दै आई रहेको समेत सर्व विदितै छ । सोही कार्यमा तथा एक पाईला अगाडी बढाउन लिखु पिके गाउँपालिकाले वि.सं. २०७२ श्रावण १ गतदेखि गा.पा क्षेत्र भित्र निमार्ण हुने भवनहरुको जोखिम न्युनिकरण गर्ने उद्देश्यले नेपाल सरकारद्वारा तयार गरिएको "नेपाल

राष्ट्रिय भवन निमार्ण संहिता २०६०" लागू गरिएको व्यहोरा जनकारी गराउन चाहन्छौं । तसर्थ भवन निर्माणको नक्सा पास गर्दा "भवन तथा योजना मापदण्ड २०६९ का अतिरिक्त "नेपाल राष्ट्रिय भवन निर्माण संहिता, २०६० लाई समेत ध्यानमा राखि नक्सा स्वीकृत गर्ने व्यवस्थाको लागि समेत निणर्य भइसकेको छ । "भवन निर्माण संहिता" कार्यान्वयनको लागि योजना तथा शहरी विकास शाखाबाट सुरक्षित आवास निर्माणको लागि प्रविधिकहरुको बारेमा आवश्यक सर सल्लाह दिने, तालिम दिने, स्थलगत निरीक्षण गरी समस्याहरुको समाधान गर्ने लगायतका कामहरु हुनेछन् । हाल विद्यमान निमार्ण प्रणालीमा भएका कमि-कमजोरीहरुलाई हटाई आर्थिक व्यय भार नबढाइ कुनै पनि सुरक्षित भवनहरुको निमार्ण गर्न सकिने भएको हुँदा प्राविधिकहरुसगँ परामर्श लिई सुरक्षित र गुणस्तरीय भवनहरुको निर्माण गरी भावी पुस्ताको सुन्दर

भविष्यको सुनिश्चितताको साथै हाम्रो गाउँलाई कालान्तर सम्म गौरवपूर्ण गाउँको रुपमा राख्ने कार्यमा सहयोगको लागि लिखु पिके गाउँपालिका सम्पूर्ण गाउँवासीहरुमा हार्दिक अनुरोध गर्दछ ।

२. राष्ट्रिय भवन संहिता कार्यान्वयन कार्यविधि

(क) राष्ट्रिय भवन संताको संक्षिप्त परिचय :

भुकम्पको कारण हुने धनजनको विनास कम गर्ने उद्देश्यका साथ लिखु पिके गाउँपालिकाले २०७२/४/१ गते देखि गाउँ क्षेत्र भित्र निमार्ण हुने भवनहरुमा भूकम्प सुरक्षात्मक प्राविधिक प्रयोग गर्न प्रेरणा जगाउनको लागि राष्ट्रिय भवन संहिता कार्यान्वयनको कार्य आरम्भ गर्न च.नं. ४७८ मिति २०७२/०३/०९ को नेपाल सरकारको निर्णयानुसार निर्माण सम्बन्धि मापदण्डका अतिरिक्त नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय भवन संहितालाई समेत समावेश गरी नक्सा स्वीकृत गर्ने व्यवस्थाका लागि निर्देशन भए अनुसार निम्न कार्यविधिको आधारमा नक्शा स्वीकृत गरिने व्यवस्था गरिएको छ

१) **ईन्टरनेश्नल स्टेट अफ आर्ट (International State of Art):** विकसित मुलुकमा अपनाईएको भवन संहिता समेतको अनुसरण गरी ईन्टरनेश्नल स्टेट अफ आर्ट मा आधारित हुने गरी बनाईने अत्याधुनिक भवनहरु । जस्तै : अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, काठमाण्डौं। यस अन्तर्गत निम्न कोड पर्न आउँछ । BC ००० : Requirement of State of the Art Design and Introduction:

२) **प्रोफेस्नली ईन्जिनियरिङ्गविल्डिङ्ग (Profesionally Engineered Building):**
ईन्जिनियर प्राविधिकहरुद्वारा डिजाईन र रेखदेख गरी बनाईने तीन तल्ला भन्दा बढी भएका तथा स्ट्रक्चरल स्पान ४.५ मी. भन्दा वढी भएका र पहिलो, दास्रो र चौथो वर्गिकरणमा पर्न नसक्ने महत्वपूर्ण भवनहरु यस अन्तर्गत निम्न कोडहरु पर्न आउँछन् ।

१) NBC १०१: Materials Specifications
२) NBC १०२: Unit Weight of Material
३) NBC १०३: Occupancy Load (Imposed Load)
४) NBC १०४: Wind Load
५) NBC १०५: Seismic Design of Buildings in Nepal
६) NBC १०६ Snow Load
७) NBC १०७: Provisional Recommendation on Fire Safety
८) NBC १०८: Site Consideration for Seismic Hazards.
९) NBC १०९: Masonry: Unreinforced १०) NBC ११०: Plain & Reinforced Concrete
११) NBC १११: Steel
१२) NBC ११२: Timber
१३) NBC ११३: Aluminium
१४) NBC ११४: Construction Safety
१५) NBC २०६: Architectural Design Requirement.

१६) NBC २०७: Electrical Design Requirements for (Public Buildings)

१७) NBC २०८: Sanitary and Plumbing Design Requirements

३) म्यान्डटोरी रुल्स् अफ थम्ब (**Mandatory Rules of Thumb**) व्यावसायिक ईन्जिनियर तथा प्राविधिकहरु उपलब्ध नभएका ठाउँहरुमा मध्यमस्तरको प्राविधिकको रेखदेखबाट बन्ने तपसिलका कोडहरुमा उल्लेखित प्रावधानहरु पुरा गरेका भवनहरु। यस अन्तर्गत निम्न कोडहरु पर्न आउँछन्

१) NBC २०१: Mandatory Rules of Thumb: Reinforced Concrete Building with Masonry Infill

२) NBC २०२: Mandatory Rules of Thumb: Load Bearing Masonry

३) NBC २०३: Mandatory Rules of Thumb: Reinforced Concrete Building without Masonry Infill

४) ग्रामीण क्षेत्रका लागि भवन निर्दोशका Guidelines for Remote Rural Buildings (Low Strength Masonry / Earthen Buildings) दैनिक रुपमा प्राविधिज्ञको रेखदेख उपलब्ध गराउन नसकिने दुर्गम स्थानका दुई तल्लासम्मका घर तथा छाप्राहरु । यस अन्तर्गत निम्न कोडहरु पर्न आउँछन् ।

१) NBC २०३: Guidelines for Earthquake Resistance Building Construction: Low Strength Masonry

२) NBC २०४: Guidelines for Earthquake Resistance Building Construction: Earthen Buildings (Eb)

३. भवनको वर्गिकिकरण

१) भवन संहिता तर्जुमा तथा कार्यान्वयन गर्ने प्रयोजनको लागि भवनलाई भवन ऐन अनुसार देहाय बमोजिम चार वर्गमा वर्गिकरण गरिएको छ

१) "क" वर्गः विकसित मुलुकमा अपनाईएका भवन संहिता समेतको अनुसरण गरी इन्टरनेश्नल स्टेट अफ आर्टमा आधारित हुने गरी बनाईने अत्याधुनिक भवनहरु ।

२) "ख" वर्गः संयुक्त आवास, सभा गृह, अस्पताल, शीत भण्डार, गोदाम घर र ४ वा सो भन्दा बढी तल्ला भएका आवाशिय, औद्योगिक तथा व्यापारिक भवनहरु ।

३) "ग" वर्ग : यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको लम्बाई चौडाई र उचाई भएका साधारण आवासीय भवनहरु

४। "घ" वर्ग : काँचो वा पाको इट्टी, ढुङ्गा माटो, बाँस, खर आदि प्रयोग गरी दुई तल्ला सम्म बनाईने सानो घर, छाप्रो

व्याख्या :

क) "क" वर्ग स्टेट अफ आर्ट डिजाईनहरु विकसित मुलुकहरुको तर भवन संहिताको अनुसरण गरी नेपालको भूकम्पीय विशेषता (Earthquake Resistance) लाई समेत समेटि निर्माण गरिने स्टेट अफ आर्ट (State of Art) डिजाईनको भवनहरु । यस अन्तर्गत घर अगाडिको सडक लेवल बाट १६ मिटर अग्लो वा पाँच वा सो भन्दा बढी तल्ला भएको बढी उचाईका (High Rise) भवनहरु पर्दछन् । साथै विशेष प्रयोगका भवनहरु जस्तै सिनेमाहल सार्वजनिक भवनहरु (जहाँ धेरै मानिसहरु जम्मा हुन्छन् विद्यालय

भवनहरु, अस्पताल आदिको साथै राष्ट्रिय महत्वका संवेदनशिल क्रियाकलापको लागि निर्माण हुने भवनहरु जस्तै दूरसंचार, रेडियो तथा टेलिभिजन, संचार, पेट्रोलियम पदार्थ संचय गर्ने भण्डारहरु, विमानस्थल नियन्त्रण तथा सचालनका लागि बनिने भवनहरु, सांस्कृतिक महत्वका भवनहरु र अन्य महत्वपूर्ण सरकारी र सार्वजनिक प्रयोजनका भवनहरु यस वर्गमा पर्दछन् ।

ख) 'ख' वर्ग भन्नाले बढी उचाई भएका घर बाहेक अन्य भवनहरुलाई जनाउँछ, जसमा निम्न इलिमेन्टहरु समावेश भएको छ १. वेसमेन्ट, छाना, जग, गर्डर, विम र भवनका अन्य इलीमेन्टहरु भएको ।

२. भुई तल्ला समेत तीन तल्ला र नौ मिटर भन्दा अग्लो भवन जसको गाह्रो वा पिलर जग्गाको सिमानासँग जोडिएर बनेको छ

३. पाइल वा राफ्ट, म्याट वा अन्य उपयुक्त फाउण्डेसन भएको ।

४. त्यस्ता भवनहरु जुन हावाको चापवाट प्रभावित हुन सक्छन् (Wind Sensitive) जस्तैः गोदाम घरहरु, फ्याक्ट्रीहरु र मिलहरु आदि ।

५. अन्य सबै भवनहरु जुन क, ग र घ वर्गमा समावेश भएका छैनन् ।

ग) 'ग' वर्ग भन्नाले ९ मीटरसम्म अग्लो वा १ तल्ला देखि ३ तल्लासम्मको पक्की घर जसको गाह्रो वा पिलर जग्गाको सिमासँग जोडिएर बनेका छैनन् र ती घर जुन 'ख' वर्गमा परेका छैनन् र त्यस्ता भवनहरु जसले NBC २०१, NBC २०२ र NBC २०३ का उल्लेखित प्रावधानहरु पालना गरेका छन् ।

घ) 'घ' वर्ग भन्नाले १ वा २ तल्ले छवाली वा पराल वा फुसको छाना भएको कच्ची घरलाई र गाउँ घरमा बनाईने झिगंटी टायल जस्ता वा फुसको छाना भएको माटाको जोडाईमा पक्की वा कच्ची ईटाको गान्हो लगाएको घर जनाउँछ । त्यस्ता घरको भुईतल्लाको क्षेत्रफल ७५ व.मि. सम्म र कुल घरको क्षेत्रफल १५० व.मि. भन्दा बढि हुने छैन ।

४) कार्यान्वयन प्रक्रिया :

क) यो संहिता सबै वर्गका नीजि, सरकारी, सार्वजनकि वा जुनसुकै निकायद्वारा निर्माण गरिने भवन भएपनि लागु हुने छ । यो संहिता नयाँ निमार्ण पुनः निमार्ण मोहोडा फेर्ने आंशिक निर्माण आदि सबै स्थितिमा लागु हुनेछ

ख) "क" र "ख" वर्गमा पर्ने भवनहरुको डिजाईन र निर्माण सुपरिवेक्षण दक्ष सिभिल ईन्जिनियरद्वारा गराउनु पर्ने छ तथा "ग" र "घ" वर्गका भवनहरुलाई अनुभवि प्राविधिक सुपरभाईजरद्वारा गराउनु पर्ने छ ।

ग) जुन उपयोगको (Functional use) लागि डिजाइन स्वीकृती लिईएको हो सो वाहेक अन्य उपयोगमा परिवर्तन गराउनु परेमा सम्बन्धित स्वीकृत दिने निकायबाट स्वीकृत नलिई उपयोग परिवर्तन गर्न पाईने छैन ।

घ) नक्सा स्वीकृत तथा नक्सा पास गराउनु पर्ने :

१) गाउँपालिका क्षेत्र भित्र कुनै पनि वर्गमा परेका भवन निर्माण गर्ने व्यक्ति, संस्था वा सरकारी निकायले प्रचलित कानून बमोजिम गाउँपालिकामा नक्सा पास गराउनु राउनु अघि गाउँपालिकाबाट Noobjection Certificate (भवन डिजाइनं सिफारिस प्रमाण पत्र) लिनु पर्नेछ ।

२) कुनै नक्सा भवन निर्माण संहिता तथा अन्य प्रचलित कानून अनुरुप नगरेको वा अन्य केही यथार्थ लुकाएको देखिएमा सम्बन्धित घरधनी वा डिजाईनर जवाफदेहि हुनेछ

३) नक्सा पास गर्दा उल्लेखित गरिएका यथार्थहरु गलत भएको ठहरिएमा वा गलत मनसायले गलत रुपमा व्याख्या गरिएको ठहरिएमा त्यस्तो डिजाइनरको इजाजत सम्बन्धित निकायले जुनसुकै बखत पनि भवन निर्माणको अनुमति खारेज गर्न सक्नेछ

४) नक्सा सिटहरु अनुसुचि "ड" अनुसार हनु पर्नेछ ।

५। समस्त नक्साहरुमा घरधनी र संचरना डिजाइन गर्ने इन्जिनियरले हस्ताक्षर गरको हुनु पर्नेछ । नक्सामा घरधनी वा घरधनीका अख्तियारवालाको नाम, ठेगाना र ईन्जिनियरको हकमा नाम ठेगाना रजिष्टर्ड नम्बर र सही स्पष्ट उल्लखे भएको हुनु पर्नेछ

६) नक्सा स्वीकृत दिने, नदिने वा संसोधन सहित दिने अधिकार स्वीकृत दिने अधिकारीमा निहित रहने छ

